सुर्तीजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेटलगायतका शरीरका अङ्गहरू), मुटुसम्बन्धी रोगहरू, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोग लाग्न सक्छन् ।
त्यसैले सुर्तीजन्य पदार्थ सेवन नगरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com

जनहितमा जारी सन्देश
वर्षात् कीरा-फटयाङ्ग्रा, साँप-बिच्छी सलबलाउने समय हो । बारी, खेत जाँदा, राति अँध्यारोमा हिंड्दा सतर्क बनौं । सतर्कताले धन जोगाउँछ, ज्यान बचाउँछ ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन २७ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 11 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३४०

## पर्सागढीका खोलाबाट अवैध उत्खनन, सरोकारवाला मौन

बलिराम शुक्ला, बिरुवागुठी, २६ साउन/

विन्ध्यवासिनी कोइलाभार साझेदारी वन अन्तर्गतका विभिन्न खोलाबाट



दिनहुँजसो गिट्टी, बालुवाको अवैध उत्खनन जारी छ ।

गत असार १ गतेदेखि खोलाबाट नदीजन्य पदार्थको उत्खननमा रोक छ । भदौ मसान्तसम्मको लागि उत्खनन रोक रहेको बखत अहिले नदीजन्य पदार्थको अवैधरूपमा उत्खनन भइरहँदा सरोकारवाला पालिका, वन र सुरक्षाकर्मीहरू भने मौन छन् ।

पर्सागढी नगरपालिका अन्तर्गतका कर्जनिहा र सिङ्गाही खोलामा नदीजन्य पदार्थ उत्खननमा रोक लागेको अवस्थामा अहिले दैनिक ग्राभेल, बालुवा, गिट्टी उत्खनन गरेर खुलेआम टयाक्टरमार्फत ओसारपोसार भइरहेको छ । सबडिभिजन वन कार्यालय बडनिहार र सो मातहतका छतवनटाँडी वन कार्यालय, मनवा वन कार्यालय र बडनिहार प्रहरी चौकी, मनवा प्रहरी चौकी अन्तर्गत पर्ने यी दुई खोलामा अवैध उत्खनन भइरहेको छ । तर ती सरोकारवाला निकायका अगाडिबाट टयाक्टरमा नदीजन्य पदार्थ ओसारपोसार भइरहँदा पनि कुनै रोकटोक गरिएको छैन । अवैध उत्खननविरुद्ध सरोकारवालाहरूको मौनताले मिलेमतो भएको देखिन्छ । नदीजन्य पदार्थको उत्खननमा अहिले रोक लागेको कारण ग्रामीण क्षेत्रमा नदीजन्य पदार्थको बिक्री मूल्य निकै बढेको छ । खोलाहरूबाट अवैध उत्खनन गरेर महँगो मूल्यमा बिक्री हुँदै आए पनि यसको रोकथाममा कसैले चासो देखाएको छैन । यस अघि यस प्रकारका अवैध उत्खननमा पालिका मात्र मौन देखिन्थ्यो भने वन र प्रहरीले नियन्त्रण गरेका हुन्थे । तर यसपटक भने तीनवटै निकाय मौन छन् । ती निकायलाई तस्करहरूले आर्थिक प्रभावमा पारेको स्थानीयहरू बताउँछन् । पर्सागढी नपा अन्तर्गतको कर्जनिया र सिङ्गाही खोलाबाट अवैधरूपमा उत्खनन गर्दै आएका तस्करहरूले गिट्टी, बालुवा, ग्राभेल र ढुङ्गा पर्सागढी, बहुदरमाई नगरपालिका र वीरगंज महानगरमा महँगो दररेटमा बिक्री गर्दै आएका छन् ।

नदीजन्य पदार्थको उत्खननमा रोक लागेको बेला अवैध उत्खनन हुन नदिनका लागि पालिका सबैभन्दा चनाखो हुनुपर्ने हो । किनभने उत्खनन खुला भएपछि पालिकाले ठेक्का लगाउन पाउने र नदीजन्य पदार्थको ठेक्काबाट पालिकालाई ठूलो आर्थिक लाभ हुने गर्छ । तर यस विषयमा चनाखो नहुँदा पालिकाको लाखौं राजस्व डुबिरहेको छ ।

## महानगरको जीत, सरुवाविरुद्धको रिट खारेज

प्रस, वीरगंज, २६ साउन/

शिक्षक तथा कर्मचारी सरुवाको विषयमा वीरगंज महानगरपालिकाविरुद्ध सर्वोच्च अदालतमा परेको रिटमा महानगरको पक्षमा फैसला भएको छ । स्थानीय तहमा कार्यरत शिक्षक तथा कर्मचारी सरुवाको अधिकार स्थानीय तहलाई हुने भएकोले सोविरुद्ध सरुवा रोकी पाउँ भनी सर्वोच्चमा दायर भएको रिट शुक्रवार खारेज भएको हो ।

गत वैशाखमा महानगरपालिकाले विद्यालय सहायक र विद्यालय सहयोगीहरूको सरुवा गरेको थियो । धेरैजसो विद्यालय कर्मचारीले सरुवापत्र बुझ्दै खटाएको ठाउँमा हाजिर भएका थिए । तर सोहीमध्येका विद्यालय कर्मचारीहरू अनिल ठाकुर हजाम र पृथ्वीप्रसाद चौरसियाले महानगरको निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर गरेका




थिए । उनीहरूको रिटमा गत असार १२ गते सर्वोच्चले कर्मचारीले माग गरेबमोजिम सरुवा यथास्थितिमा राख्न भन्दै अल्पकालीन अन्तरिम आदेश दिएको थियो ।

तर हिजो सो सम्बन्धमा सर्वोच्चका न्यायाधीशद्वय डा मनोजकुमार शर्मा र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासले विद्यालयका शिक्षक तथा कर्मचारी सरुवा गर्ने अधिकार स्थानीय सरकारकै हुने आदेश गर्दै महानगरविरुद्ध परेको रिट खारेज गरिदिएको थियो ।

## मारवाडी ब्राह्मण समाजको नयाँ कार्यसमिति

प्रस, वीरगंज, २६ साउन/

वीरगंजमा रहेका मारवाडी समुदायमध्ये नेपाली मारवाडी ब्राह्मण समाजको शनिवार साधारणसभा सम्पन्न भएको छ ।

शनिवार भएको साधारणसभाले सञ्जय शर्माको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ ।

नयाँ कार्यसमितिमा रविशङ्कर शर्मा उपाध्यक्ष, विकाश शर्मा सचिव, सुनील शर्मा सहसचिव, सञ्जीव शर्मा कोषाध्यक्ष र मदन शर्मा सहकोषाध्यक्षलगायत सदस्यहरू छन् ।

यस अघि मनोज शर्माको अध्यक्षतामा रहेको नेपाली मारवाडी ब्राह्मण समाजले वीरगंजमा काम गर्दै आएको थियो ।



## ६३ जनामा मोतीबिन्दु फेला

दिनेशकुमार मिश्र, वीरगंज, २६ साउन/

पकाहामैनपुर गाउँपालिकाको



मानिपुरमा शनिवार निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ । शिविरमा कट्टिबलुवा, मानिपुर, सुर्जाहा र पकाहालगायतका स्थानबाट १७३ जनाले आँखा चेकजाँच गराएका थिए । आँखा चेकजाँचबाट ६३ जनामा मोतीबिन्दु फेला परेको वीरगंज सामुदायिक आँखा अस्पतालका स्वास्थ्य संयोजक महेशसिंह धामीले बताए ।

तिलगङ्गा आँखा अस्पतालको व्यवस्थापनमा भएको शिविरमा मोतीबिन्दु भएका ६३ जनाको भोलि आइतवार निश्शुल्क शल्यक्रिया गरिने र उनीहरूलाई पकाहामैनपुरबाट वीरगंज आउजाउको व्यवस्थापन पनि संस्थाले गर्ने स्थानीय रूपेश पाण्डेले बताए । कार्यक्रममा सांसद प्रभु हजरा, प्रहरी उपरीक्षक कुमोध ढुङ्गेललगायतको सहभागिता थियो ।

## वडा कार्यालयको उद्घाटन

प्रस, परवानीपुर, २६ साउन/

बारा जिल्ला प्रसौनी गाउँपालिका-४ वडा कार्यालय भवनको शनिवार उद्घाटन भएको छ । गापा अध्यक्ष विनोद जैसवालले नवनिर्मित वडा कार्यालय भवनको उद्घाटन गरेका थिए । करीब रु ३५ लाखको लागतमा निर्माण भएको वडा भवनमा तीन कोठा, शौचालय, भान्सा छन् । विगत लामो समयदेखि जीर्ण वडा कार्यालयबाट सेवाप्रवाह हुँदै आएको थियो ।

गापा अध्यक्ष जैसवालले वडा कार्यालय सञ्चालनमा आएपछि काममा आफ्नो पालिका अघि बढिरहेको दाबी गरे । उनले पालिकामा भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खेलकूद, कृषिलगायतका क्षेत्रमा गापाको विशेष ध्यान रहेको बताए ।

वडाध्यक्ष याकुब अन्सारीको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा गापा उपाध्यक्ष किरण देवी, प्रमुख प्रशासकीय अधिकृत सुमितकुमार सिंह, वडाध्यक्षहरू लालबाबू मुखिया बिन, हृदयनारायण साह, छोटेलाल साह, बृजकिशोर कुशवाहा, इस्लाम मियाँलगायतको सहभागिता थियो ।

## २२ किलो गाँजासहित दुईजना पक्राउ

प्रस, पंचगावाँ, २६ साउन/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले २२ किलो गाँजासहित दुईजना पक्राउ गरेको छ । शनिवार दिउँसो ४ बजे जगरनाथपुर गापा-२ दसौताबाट सो परिमाणको गाँजासहित एकजना नेपाली र एकजना भारतीयलाई पक्राउ गरेको इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापाले बताए । दसौताका ६० वर्षीय लक्ष्मण राउत र भारत, बिहार, बेतियाका २० वर्षीय नयाज आलमले तीनवटा बोरामा २२ किलो गाँजा लिएर हिंडेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको प्रनि बुढाथापाले बताए ।

## पाँचजना महिलासहित ४४ जनाद्वारा रक्तदान




प्रस, वीरगंज, २६ साउन/

हिन्दू परिषद् नेपालले शनिवार घण्टाघरमा आयोजना गरेको रक्तदान कार्यक्रममा पाँच जना महिलासहित ४४ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

कार्यक्रममा चन्दा शर्मा, ममता कुमारी, नजराना खातुन, नीता चौरसिया, वन्दना शर्मा, हरिओम सर्राफ, नन्दकिशोर साह, सुरज पण्डित, आदित्य शर्मा, रोशन फुयाँल, अनिल पटवा, सागर सोनार, आदित्यप्रकाश ठाकुर, विनोद पटेल, नसिरुद्दीन अन्सारी, मनमोहन पटेललगायतले रक्तदान गरेका प्राविधिक कुशवाहाले बताए ।

## भारतीय भोजपुरी कलाकारहरूको नेपाल मोह

प्रस, परवानीपुर, २६ साउन/

अहिले भारतीय भोजपुरी कलकारहरू नेपाली भूमिमा रमाउँदै विभिन्न सिर्जनामा व्यस्त देखिन थालेका छन् । भोजपुरीका चर्चित गायक अलबेला अशोकले वीरगंजमा भोजपुरी लोकगीत रेकर्डिङ एवं छायाङ्कन गर्ने योजना अघि बढाएको बताएका छन् ।

वीरगंज प्रतिमा चोकमा रहेको इगो रेकर्ड्स भोजपुरी च्यानलको स्टुडियोमा रक्षाबन्धन र दशैंको गीत रेकर्डिङ गर्दै भेटिएका गायक अलबेलाले भारत, बिहारभन्दा नेपालको भौगोलिक अवस्था र शासन प्रणाली राम्रो लागेर काम गर्न सहज भएको बताए । उनले भारतीय रुपियाँको मूल्याङ्कन नेपालमा बढी भएकोले पनि खर्च काम जस्तो लाग्ने गरेको बताए । सन् २०१६ देखि वीरगंज छेउछाउ छायाङ्कन गरी विभिन्न गीती एल्बम बजारमा ल्याएको उनले बताए । नेपालमा गीत एल्बमको शुटिङ र रेकर्डिङ कम खर्चमा राम्रो लोकेशन पाइने हुँदा नेपाल मन परेको उनले बताए ।

भारत, बेतियाका गायक अमित पटेल समेत पछिल्लो समय वीरगंजमा छायाङ्कन गरिरहेका छन् । यस अघि चर्चित भोजपुरी कलाकार मनि मेराजले नेपालमैं छायाङ्कन गरिएको दुईवटा गीती एल्बम रिलिज गरेका थिए ।

लोकगायक अलबेलाको सबैभन्दा बढी बजेको गीत हो-दिल लेके गइल हिरो हुन्डा सखी । उनी भोजपुरी अश्लील गीत गाउँछन् भन्ने बेलाबेलामा आरोप लाग्ने गरेको छ । भोजपुरी फिल्मजगत्मा प्रीति पासवान र सोम्या पोखरेल पनि भारतको विभिन्न राज्यमा गएर गीति एल्बल बनाउन सक्रिय रहेका छन् ।

## श्रद्धाञ्जलिसभा

नितेश कर्ण, वीरगंज, २६ साउन/

स्व गुरुदेव कामतको मृत्यु भएको




१०औं दिनमा शनिवार वीरगंजमा श्रद्धाञ्जलिसभा गरिएको छ ।

वीरगंजस्थित चित्रगुप्त मन्दिरमा मैथिली साहित्य परिषद्ले स्व गुरुदेव कामतको सम्झनामा श्रद्धाञ्जलिसभाको आयोजना गरेको हो ।

स्व गुरुदेव कामतको जन्म मधेस प्रदेशको सिराहा जिल्लाको पोखरभिरामा विसं २०१२ भदौ १२ गते भएको थियो ।

विगत ४० वर्षदेखि निरन्तर काठमाडौंमा नेपाली तथा मैथिली भाषामा कविता, साहित्य र गीत रचना गर्दै आएका थिए ।

श्रद्धाञ्जलिसभाका सहभागीहरूले स्व कामतको तस्वीरमा फूलमाला अर्पण गर्दै उनीद्वारा रचित गीत रचनाहरू वाचन गरेका थिए ।

कार्यक्रममा डा वासुदेवलाल दास, प्राध्यापक देवेन्द्र मिश्र, डा पुरुषोत्तम साह, अजमत अलि, दिनेश मिश्र, भगवान मिश्र, महेश दासलगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**थोरै आस राखियो भने धेरै खुशी प्राप्त हुन्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# डेडिकेटेड ट्रङ्क महसूलमा राजनीतीकरण


समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com


**प्रधानमन्त्रीको काम कुनै कर्मचारीको पछि लाग्नु होइन। प्रधानमन्त्रीजस्तो गरिमामय पदमा बसेको व्यक्ति कर्मचारी हटाउने र भित्र्याउनेजस्तो झिनामसिना कुरामा अल्झिइराख्दा हाम्रो नेतृत्वको मनोग्रन्थि कति सङ्कुचित छ भनेर बुझ्न पनि असजिलो पर्दैन।**

संसद्को सार्वजनिक लेखा समितिले ५ दिनको समयसीमा दिएर नेपाल विद्युत् प्राधिकरणलाई डेडिकेटेड र ट्रङ्क लाइनको महसूलको प्रमाण पेश गर्न भनेपछि प्राधिकरणले १ लाख पृष्ठ लामो प्रमाण समितिमा बुझाइदिएको छ। अब समितिलाई त्यो प्रमाण सरसर्ती हेर्न पनि केही हप्ता लाग्ने देखिएको छ। आशा गरौं, समिति आफैंले मागेको त्यो प्रमाणको मिहीन अध्ययन गर्नेछ।

प्राधिकरणले प्रमाण देखाओस्, हामी महसूल तिर्छौं भनिरहेका उद्योगीहरूको बोली फेरिएको छ। हिजोसम्म प्रमाण मागिरहेका उद्योगी अदालतमा पेश गर्न नसकेको प्रमाण प्राधिकरणले अहिले किन ल्यायो भन्ने खालको खोचे थाप्न उद्यत देखिएका छन्। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको समयमा बनाइएको छानबीन आयोगले महसूल तिर्नुपर्ने सुझाव दिएपछि उद्योगीको बोली फेरियो। आयोगको अध्ययनपछि २२ अर्बको महसूल ८ अर्बमा झरेको अवस्था छ। त्यो रकम पनि नतिर्ने मनसाय उद्यमीमा देखियो। यो बदनियती हो। आम जनताले १८ घण्टा लोडसेडिङ खेपेका बेला महँगो दर तिर्छौं भनेर विद्युत् खपत गर्ने तर विद्युत्को महसूल तिर्दिनँ भन्नु बेइमानी हो। जसले त्यस बेला माग गरेकै छैन र खपत गरेकै छैन, उनीहरूले असहमति प्रकट गर्नु स्वाभाविक हो, तर खपत गरेको महसूल तिर्न आनाकानी गर्नु अनुचित हो। खपत नै नगरेको हो भने उद्योगीहरूले यो भन्न सक्नुपथ्र्यो, डेडिकेटेट र ट्रङ्क लाइनको माग र सम्झौताको प्रमाण देखाऊ।

यसो त, अभावको समयमा ६५ प्रतिशतसम्म महँगो दर लिएर उद्योगलाई बिजुली बेच्ने प्राधिकरणाको व्यावसायिकता हो कि कालोबजारी वा प्राविधिक बाध्यता, यो पनि बहसको विषय बन्न नसक्ने होइन। विद्युत्जस्तो अत्यावश्यकीय सेवामा प्राधिकरणको एकाधिकार र यसले उत्पादन गरेका अराजकताबारे झिनै भए पनि विषय नउठेको भने होइन। अहिलेको मुख्य सरोकार भनेको आयोगले यो समयको महसूल लिन् भनेर प्रतिवेदन दिइसकेको र त्यो प्रतिवेदनलाई सरकारले पारित गरिसकेको अवस्थामा राजनीतिक आग्रह र पूर्वाग्रहकै आधारमा जसरी गिजोल्ने काम भएको छ, यो विधि र प्रक्रियाविपरीत काम हो। विधि मिच्ने काम अहिलेको सरकार, त्यसमा पनि स्वयं प्रधानमन्त्रीको व्यक्तिगत रुचिमा भइरहेको छ, यो झन् आपत्तिको विषय हो। विगतमा पनि यो विवाद निरुपणका लागि भन्दै छानबीन नामका संयन्त्र नबनाइएको होइन। ती समितिदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको प्रतिवेदनमात्र होइन, संसदीय समिति, स्वयं संसद्को सार्वजनिक लेखा समितिले त्यो रकम असुल्न भनेको थियो। यो अवस्थामा स्वयं लेखा समिति नै यो विषयलाई विषयान्तर गर्ने ध्याउन्नमा देखिएको छ। यसमा प्रधानमन्त्रीको रुचि विशुद्धरूपमा राजनीतिक आग्रहमा केन्द्रित भएको देखिएको छ। प्रधानमन्त्रीको दलको नेतृत्व रहेको लेखा समिति यो प्रकरणमा दुरुपयोग भइराखेको छ। प्राधिकरणका नेतृत्वकर्ता कुलमान घिसिङका अनेक कमजोरी होलान्, उनी कुनै खालको अनियमिततामा संलग्न छन् भन्ने छानबीन हुनुपर्दछ भन्नेमा फरक मत हुन सक्दैन। तर, उनी तत्कालीन प्रधानमन्त्री प्रचण्डको निकट भएकै कारण उनलाई असफल देखाउन उद्योगीलाई खपत गरेको महसूल तिर्न नपर्ने किसिमले जुन उन्मुक्ति दिने चलखेल भइराखेको छ, त्यो राज्यसँग हुन लागेको गद्दारी हो।

आज सरकारले कुनै पनि समस्याको निराकरण सहज होस् भनेर बनाउने गरेका छानबीन आयोग वा समितिहरूको विश्वसनीयतामा प्रश्न उठिराखेको अवस्थामा यो महसूल विवाद समाधानका लागि बनेका अयोगहरूको सुझाव कार्यान्वयनमा एकपछि अर्को बहानाबाजी देखिएको छ। समितिमाथि समिति थप्दै जाने, तर त्यस्ता समितिको निष्कर्ष कार्यान्वयनमा राजनीतिक दुराग्रह हाबी हुने हो भने त्यस्तो छानबीनको औचित्य के ? यो प्रकारान्तरले राज्यस्रोतको दुरुपयोगको उपक्रम मात्रै बनेको अवस्था छ। बनाउँदै जाने, मन्त्रिपरिषद्बाट पारित गराउने र कार्यान्वयन गर्ने हो भने त्यसको के औचित्य ? सरकारले कुनै पनि समस्याको निकास सहज बनाउन बनाइएका यस्ता आयोगको विश्वनीयता सन्देहात्मक हुन्छ।

आयोगले २०७२ पुसदेखि २०७५ वैशाखसम्मको अवधिको मात्रै प्रिमियम महसूल लिनुपर्ने सुझाएको थियो। यो सुझावसहितको प्रतिवेदनललाई मन्त्रिपरिषद्ले पारित गरिसकेको छ। यहानिर विद्युत् नियमन आयोग र तत्कालीन ऊर्जा सचिव दिनेश घिमिरे संयोजक रहेको समितिको प्रतिवेदनले औंल्याएका तथ्य पनि हेरिनु सान्दर्भिक हुन्छ। त्यस बेला पनि २०७२ पुस २९ गते विद्युत् महसूल निर्धारण आयोगले प्रिमियम महसूल निर्धारण गरेकोले त्यस अघिको र २०७५ वैशाख ३१ गते औद्योगिक क्षेत्रमा लोडसेडिङ अन्त्यको घोषणा गरिएकोले त्यस यताको महसूलमा प्रिमियम महसूल लिन नमिल्ने बताइएको थियो। घिमिरे संयोजक रहेको समितिको सुझावलाई समेत तत्कालीन मन्त्रिपरिषद्ले अनुमोदन पनि गरेको थियो। यसरी पटकपटक बनाइएका आयोगको निष्कर्ष एकै भएपछि आयोग थप्ने, तर कार्यान्वयन गिजोल्ने हो भने यस्ता आयोग बनाउनुको के अर्थ ? सरकारको यो प्रवृत्तिले त्यस्ता आयोग भनेको तत्कालका लागि विवाद थामथुम पार्ने र समस्यालाई समाधानका सट्टा तन्काउने उपायको रूपमा मात्र लिन थालिएको छ। सरकारले बनाउने यस्ता छानबीन आयोगको विश्वसनीयता गुम्दै गएको अवस्था छ।

अहिले सत्ताको एक पक्ष एमाले कुलमान हटाउने अभियानमा कम्मर कसेर लागेको भान हुन्छ। अर्को नेपाली काङ्ग्रेस र प्रतिपक्षी दल माओवादी केन्द्र कुलमानको बचाउमा उत्रिएको अवस्था छ। एउटा सरकारी व्यापारिक प्रतिष्ठानको कर्मचारीको पक्ष र विपक्षमा राजनीतिक एकोहोरिएको अवस्थामा महसूल तिर्न अटेर गरिराखेका उद्योगी घरानाहरू धमिलो पानीमा माछा मार्ने ताकमा छन्। पटकपकट आयोगमार्फत छानबीन गराएर एउटा निकासको उपाय पत्ता लगाइसकेपछि खपत गरेबापतको रकम तिर्नुपर्ने विषय राजनीतीकरण गरिनु विडम्बना हो। यसमा प्रधानमन्त्री ओलीको कुण्ठाले मूलरूपमा काम गरेको छ।

सरकारले कुलमानलाई हटाउन सीधै घिसिङलाई स्पष्टीकरण सोद्धा विरोध हुने देखेपछि अख्तियार र सीआइबी लगाएर घुमाउरो बाटोबाट उनलाई हटाउन खोजेको विषय सार्वजनिक हुन बाँकी छैन। प्रधानमन्त्री ओलीले उनलाई हटाउन लेखा समिति प्रयोग गर्न खोजेको प्रस्ट छ। तर, समितिमा काङ्ग्रेस र माओवादी केन्द्रका सांसदहरूको विरोधका कारण कुलमानलाई कारबाईका लागि सिफारिश गरिएको प्रतिवेदन पारित हुन सकेन।

प्रधानमन्त्रीको काम कुनै कर्मचारीको पछि लाग्नु होइन। प्रधानमन्त्रीजस्तो गरिमामय पदमा बसेको व्यक्ति कर्मचारी हटाउने र भित्र्याउनेजस्तो झिनामसिना कुरामा अल्झिइराख्दा हाम्रो नेतृत्वको मनोग्रन्थि कति सङ्कुचित छ भनेर बुझ्न पनि असजिलो पर्दैन। आफ्नो मौखिक आदेश नमानेकै कारण कर्मचारी हटाउँदै जाने हो भने विधि र प्रक्रियाको औचित्य के रह्यो ? लोकतन्त्र र विधिको शासन र हुकुमी शासनबीच के भिन्नता भयो ?

महसूल नतिर्ने उद्योगका काटिएको लाइन जोड्ने प्रधानमन्त्रीको मौखिक आदेशको सट्टा लिखित आदेश माग्नु कर्मचारीको अपराध हो ? कि राजनीतिक पूर्वाग्रह साध्न अर्बौं रुपियाँ बक्यौता छोड्ने तारतम्य उचित हो ? यो प्रकरणले अहिले प्रधानमन्त्री, ऊर्जामन्त्री र लेखा समितिको नेतृत्वकर्तामाथि मिलेमतोको आरोप लाग्नुका पछाडि यस्ता अस्वाभाविक आग्रह र हरकतले मुख्य काम गरेको छ, जुन अस्वाभाविक पनि होइन।

# जलवायु परिवर्तनले उत्पन्न विभीषिका

**अधिकांशतः प्राकृतिक आपदाहरू मानवनिर्मित मानिएका छन्। यो मिलिजुली बसेर विचार गर्ने बेला हो कि प्रकृतिको साथ लिएर विकासदेखि सहअस्तित्व कसरी सुनिश्चित गर्ने, अन्यथा भविष्यमा थप गम्भीर परिणाम हाम्रो प्रतीक्षामा छन्।**

जलवायु-परिवर्तन आज एउटा प्रत्यक्ष सङ्कट हो; जसको जोखिमका विषयमा वैज्ञानिकदेखि पर्यावरणविद् एवं मनीषीहरू दशकौंदेखि सचेत गराइरहेका छन्। आज यो सङ्कट सँघारमा उभिएर मानवताको अस्तित्वबारे गम्भीर प्रश्न सोधिरहेको छ। वर्ष २०२३ मा सम्पूर्ण विश्वमा प्राकृतिक आपदाहरूको बाढीजस्तो आइरह्यो, जसले सोच्नका लागि बाध्य पारिरहेको छ। यद्यपि यसलाई अहिले सामूहिक महाविनाशको एउटा झलक मात्र भन्न सकिन्छ, जसले मानिसलाई बेला नभिड्किंदै सुध्रने वा सामूहिकस्तरमा केही गर्न सचेत पारिरहेको छ।

वर्ष २०२३ को पूर्वार्द्ध, मौसममा भीषण परिवर्तन-पहिले गर्मीको मार, फेरि भीषण वर्षा, बाढी, चक्रवात र यसैको समानान्तर पृथ्वीको एउटा भागमा उत्तरार्द्धमा भीषण वर्षा र गर्मीको विभीषिकाका लागि, सम्झनामा रहने छ। सम्पूर्ण पृथ्वीको जीवना मानौं त्राहिमाम गर्न थाल्यो। धरतीको शायद नै कुनै कुना जोगियो होला, जसले जलवायु परिवर्तनको सांघातिक मार झेलेन, जो आफ्ना साथै सामूहिक भविष्यबारे सोच्न विवश भएन होला।

नासाको गोडार्ड इन्स्टिच्युट अफ स्पेस स्टडिजका अनुसार, सन् १८८० मा मौसमसम्बन्धी वैश्विक रेकर्ड राख्न आरम्भ भएपछिदेखि नै वर्ष २०२३ सबैभन्दा तातो वर्ष बन्यो। नासाको रेकर्डमा जून, जुलाई र अगस्त महीना कुनै पनि अन्य गरम महीनाको तुलनामा ०.२३ डिग्री सेल्सियस बढी तातो रहे र सन् १९५१ देखि १९८० को बीचको औसत गर्मीको तुलनामा १.२ डिग्री सेल्सियस बढी ताप दर्ता गरियो। यीमध्ये अगस्तको महीना ०.२ डिग्री सेल्सियस औसतभन्दा बढी गरम रह्यो।

हेक्का रहोस्, उत्तरी गोलार्द्धमा जूनदेखि अगस्तसम्मको मौसमलाई गरमीको मौसम मानिन्छ। बढिरहेको तापमानका कारण वर्ष २०२३ मा विश्वभरि गम्भीर परिणाम परिलक्षित भए। जलवायु-परिवर्तनले गर्दा सम्पूर्ण पृथ्वी र भावी पीढीका लागि जोखिम उत्पन्न भएको छ। विश्वको ठूलो भागमा अत्यधिक गर्मी बढेको छ, जसबाट कनाडा, अमेरिका र हवाईका जङ्गलहरू भयावह दावानलको चपेटामा परे।

दक्षिण अमेरिका, जापान, युरोप र अमेरिकामा उखरमाउलो लू देखियो; जबकि एशिया, इटली, ग्रीस, मध्य युरोप र अमेरिकामा भयङ्कर बरसात भइरह्यो र विनाशकारी आँधी आयो। वैज्ञानिकहरू भीषण गर्मीका लागि अल नीनो चक्रवात्लाई जिम्मेवार मानिरहेका छन्।

नासाको एउटा रिपोर्टका अनुसार, अल नीनोको फिर्तीका कारण समुद्र सतहको बढेको तापमान गर्मीका लागि धेरै हदसम्म जिम्मेवार छ। अल नीनो एउटा प्राकृतिक घटना हो, जुन मध्य र पूर्वी उष्णकटिबन्धीय प्रशान्त महासागरमा समुद्रको सतहको तापमान सामान्यभन्दा बढी गरम हुनाका कारणले हुन्छ। वैज्ञानिकहरूद्वारा दशकौंसम्म गरिएको विश्लेषणले यो पनि स्पष्ट भएको छ कि बढ्दो तापमानको मुख्य कारण मानव जातिद्वारा उत्सर्जित ग्रीनहाउस ग्याँस हो। नेपालको सन्दर्भमा कुरा गर्ने हो भने यो वर्ष मई र जून महीना अप्रत्याशितरूपले पछिल्ला दशकहरूभन्दा भिन्न रह्यो।

विशेषगरी उत्तरी भारत तथा नेपालमा पनि गर्मीको यस मौसममा प्रचलनविपरीत पानी परिरह्यो। यसले गर्मीको तापबाट केही राहत त मिल्यो तर बढी वर्षाका कारण भूमि यति गिलो भयो कि जुलाईमा परेको भारी वर्षाका कारण बाढी, भूस्खलन तमाम प्रकारका प्राकृतिक आपदाको कारण बन्यो।

जूनको पहिलो सप्ताहमा दक्षिणपूर्व अरब सागरमा उठेको विप्रवाय चक्रवातले पछिको दुई सप्ताहसम्म गुजरात र राजस्थानमा भारी तबाही निम्त्यायो। भारतको उत्तराखण्डमा चारधामको यात्रा भूस्खलनका कारण प्रायः प्रभावित रह्यो। यी सबका बावजूद केरल, महाराष्ट्रजस्ता केही प्रान्तलाई सुखापीडित घोषणा गर्नुपऱ्यो। विदेशतिर पनि यसबीच भारी वर्षाका साथै तबाहीको समाचार आइरहे। मध्य युरोपको सानो देश स्लोवेनियामा अगस्त महीनाको पहिलो सप्ताहमा, चौबीस घण्टामा यति पानी पऱ्यो कि धेरै ज्यानमालको विनाशको कारण मात्र बनेन, अहिलेसम्मको त्यहाँको सबैभन्दा ठूलो विभीषिकाको रूपमा दर्ज गरियो।

हङकङमा कैयौं शहर डुबानमा परे तथा १४० वर्षको इतिहासमा सर्वाधिक पानी परेको रेकर्ड पनि बन्यो-जसमा सडक, शपिङ मल र मेट्रो स्टेशन जलमग्न बने। त्यहीं चीनको शेनजेङमा हाइकुई आँधीले गर्दा भीषण वर्षा भयो। घनघोर पानीले गर्दा सबै स्कूल, कैयौं मेट्रो स्टेशन तथा कार्यालयहरू बन्द गर्नुपऱ्यो। यसैबीच जुलाई-अगस्त महीनामा युरोप-अमेरिकाका कैयौं भाग गर्मीले गर्दा त्रस्त रहे।

विश्व मौसम विज्ञानका अनुसार, पृथ्वी उत्तरी गोलार्द्धमा अबसम्मको सबैभन्दा भीषण गर्मीले राँकिएको थियो। अगस्तमा रेकर्ड गर्मी र तापमान दर्ज गरियो। अगस्त औसतभन्दा करीब १.५ डिग्री सेल्सियस बढी तातो रह्यो।

डब्ल्युएमओ-कोपरनिकसका अनुसार पछिल्लो वर्ष जुलाईमा पनि गर्मीका सबै रेकर्ड टुटे। जुलाईमा विश्वमा औसत तापमान १६.९५ डिग्री सेल्सियस रह्यो, जुन २०१९ मा सर्वाधिक औसत तापमानभन्दा एकतिहाई बढी हो।

कोपरनिकसका निदेशक कार्लो बूनटेम्पो तथा उपनिदेशक समान्था बर्गेसका अनुसार यो तापमान गम्भीर परिणामवाला बताइएको छ। कोपरनिकसका अनुसार जुलाई, २०२३ को औसत तापमान १९९१ देखि २०२० सम्मको औसत तापमानभन्दा ०.७ डिग्री बढी दर्ज गरियो। विश्वका समुद्रहरूको तापमान पछिल्लो ३० वर्षको तुलनामा आधा डिग्री बढी दर्ज गरियो र उत्तरी अटलान्टिक महासागरको औसत तापमानभन्दा १.०५ डिग्री बढी गरम रह्यो। अन्टार्कटिक सागरमा यस वर्ष औसतभन्दा १५ प्रतिशत बरफ कम जम्यो।

सितम्बरको दोस्रो सप्ताहमा लिबियामा भीषण आँधी र मूसलाधार पानीका कारण दुईवटा बाँध ध्वस्त भए, जसको चपेटामा परेको डेरना शहरमा तबाहीको दृश्य देखियो। उत्पन्न त्रासदिलाई मानिसले बाढी होइन, सुनामी घोषित गरे, जसमा हजारौं मानिस बेपत्ता थिए, दश हजार मृत फेला परे र लाखौं मानिस घरबारविहीन भए।

यसरी जलवायु-परिवर्तन एउटा सच्चाइको रूपमा प्रत्यक्ष छ, जसको घातक प्रभावले विश्वभरिमा भयावह दृश्य प्रस्तुत भइरहेको छ। वर्ष २०२३ यसको साक्षी रहेको छ। यो गम्भीर विचार मन्थनको पनि बेला हो। अधिकांशतः प्राकृतिक आपदाहरू मानवनिर्मित मानिएका छन्। यो मिलिजुली बसेर विचार गर्ने बेला हो कि प्रकृतिको साथ लिएर विकासदेखि सहअस्तित्व कसरी सुनिश्चित गर्ने, अन्यथा भविष्यमा थप गम्भीर परिणामले हाम्रो प्रतीक्षा गरिरहेका छन्, जसको विकरालता-भयावहताको अहिले हामी कल्पना पनि गर्न सक्दैनौं।

# डेङ्गी र हैजाका सङ्क्रमित बढे

काठमाडौं, २६ साउन/रासस

पछिल्लो समय डेङ्गी र हैजाका सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार डेङ्गी सङ्क्रमितको सङ्ख्यामा तीन हजार ८४ जना पुगेको छ। चार दिनयता ७२२ जना डेङ्गी सङ्क्रमित थपिएका हुन्। यही साउन २१ गते दुई हजार ३६५ जनामा डेङ्गी पुष्टि भएको थियो। यो सङ्ख्या शुक्रवारसम्म तीन हजार ८४ रहेको महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले जानकारी दिए।

उनका अनुसार मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेङ्गी सङ्क्रमण फैलिएको छ। सबैभन्दा बढी डेङ्गी तनहुँमा ५८३ जनामा देखिएको छ। काठमाडौं जिल्लामा ३०७, कास्कीमा १६६ र झापा १३५ जना डेङ्गी सङ्क्रमित देखिएका छन्।

स्वास्थ्य मन्त्रालयले डेङ्गी सङ्क्रमितको सङ्ख्या बढेपछि हरेक शुक्रवार सरकारी तथा गैरसरकारी कार्यालयमा र अस्पताल परिसरमा सरसफाइ गर्नुको साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गर्न आग्रह गरेको छ। सरकारी अस्पतालमा डेङ्गी रोगका बिरामीको उपचार खर्च सरकारले बेहोर्ने निर्णय गरेको छ।

### ४७ मा हैजा पुष्टि

यस्तै, महाशाखाका अनुसार हैजाका बिरामीका सङ्ख्या ४७ पुगेको छ। कीटजन्य रोग शाखाका प्रमुख डा दाहालले ललितपुर, काठमाडौं, प्यूठान, कैलाली र रूपन्देहीमा हैजाका बिरामी देखिएका बताए। उनका अनुसार ललितपुरमा ३४, काठमाडौंमा दुई, कैलालीमा आठ, प्यूठानमा दुई र रूपन्देहीमा एकजनामा हैजा पुष्टि भएको छ।

# सिम्रौनगढमा निषाद जातिको भेला सम्पन्न

प्रस, सिम्रौनगढ, २६ साउन/

सिम्रौनगढ नगरपालिका-६ मा शनिवार निषाद अगुवाहरूको भेला सम्पन्न भएको छ।



निषाद जातिका अगुवा नेता बन्नु सहनीको अध्यक्षतामा भएको भेलामा निषाद् जातिको हकअधिकार, उन्नति र प्रगतिको विषयमा छलफल भएको थियो। भेलामा निषाद नेता रामप्रवेश मुखिया, जीवन मुखिया, रिना मुखिया, फूलपतीदेवी मुखिया, परमानन्द मुखिया, रामऔतार मुखिया, बुद्धराम मुखिया, मदन सहनी, तरुण सहनी, राजनारायण मुखिया, पत्रकार रामेश्वर मेहता निषादलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण सोहराई मुखिया, कामेश्वर मुखिया र सञ्जीता मुखियाले गरेका थिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# शेख हसिनाको शरणका लागि आवेदन दिएको हल्ला अस्वीकार गर्दै छोरा सजीब

वाशिङ्टन डीसी, २६ साउन/एएनआई

बङ्गलादेशका पूर्व प्रधानमन्त्री शेख हसिनाका छोरा सजीब वाजेद जोयले शनिवार आफ्नी आमाले शरणका लागि आवेदन दिएको हल्ला अस्वीकार गरेका छन्।



एएनआईसँग भएको एउटा विशेष अन्तर्वार्तामा सजीब वाजेद जोयले आफू वा आफ्नो परिवारले सत्ताको लोभ नराखेको र बङ्गलादेशको हितका लागि काम गर्नु प्राथमिक प्रेरणा रहेकोमा जोड दिए।

"यी सबै हल्ला हुन्, मेरी आमाले कतै पनि शरणका लागि आवेदन दिनुभएको छैन। उहाँले आफ्नो जीवनको अधिकांश समय बङ्गलादेशमा बिताउनुभएको छ र देश बाहिर बस्ने उहाँको कुनै चाह छैन। यस कार्यकालको अन्त्यमा उहाँको योजना सेवानिवृत्त भएर आफ्नो गाउँले घरमा बस्ने थियो। राजनीतिमा संलग्न भए वा नभए पनि उहाँ आफ्नो घर फर्कन चाहनुहुन्छ"–उनले भने।

शेख हसिनाको राजनीतिमा फर्कने योजनाबारे सोधिएको प्रश्नमा उनले भने–"यस विषयमा म केही भन्न सक्दिनँ, उहाँलाई नै सोध्नुपर्छ। मेरो परिवारमा हामीमध्ये कसैलाई पनि शक्ति वा राजनीतिको लोभ छैन। मेरो परिवारका बाँकी सदस्यहरू विदेशमा बसोवास गर्दै आएका छन्। म लगभग ३० वर्षदेखि अमेरिकामा बसोवास गर्दै आएको छु। तर हामी हाम्रो देशका लागि काम गर्न चाहन्छौं"–उनले भने।

सजीबले बङ्गलादेशमा लोकतन्त्र र कानून व्यवस्था पुनर्स्थापना गर्न आफ्नो परिवारको प्रतिबद्धता पनि व्यक्त गरे। "हामी देशको यस्तो अवस्था देख्न सक्दैनौं। लोकतन्त्र पुनर्स्थापना गर्न, कानूनी व्यवस्था पुनर्स्थापना गर्न, हाम्रा देशका जनतालाई सुरक्षित राख्न जे आवश्यक छ, हामी गर्नेछौं"–उनले भने। रासस

# ब्रजीलमा विमान दुर्घटना, ६१ जनाको मृत्यु

विन्हेडो, ब्रजील, २६ साउन/एएफपी

ब्रजीलको साओ पाउलो राज्यमा शुक्रवार ५७ जना यात्रु र ४ चालक दलका सदस्य बोकेको एउटा विमान दुर्घटनामा परेको छ। विमानमा सवार सबै ६१ जनाको मृत्यु भएको एयरलाइन्सले जनाएको छ।



आकाशमा अनियन्त्रित प्लेन र दुर्घटनास्थल। तस्वीरः एजेन्सी

दक्षिणी राज्य परानाको क्यास्कावेलबाट साओ पाउलो शहरका लागि उडेको भोपास एयरलाइन्सद्वारा सञ्चालित एटिआर ७२–५०० विमान भिन्हेडो शहरमा दुर्घटनामा परेको हो।

लगभग ७६ हजार जनसङ्ख्या रहेको भिन्हेडो शहर साओ पाउलोबाट लगभग ८० किलोमिटर उत्तरपश्चिममा अवस्थित छ।

स्थानीय सञ्चारमाध्यमले प्रसारण गरेको तस्बिरमा उक्त जहाज आकाशमा चक्कर लगाउँदै खसेको र दुर्घटनास्थलबाट धूवाँको मुस्लो उडेको देखिन्छ।

साओ पाउलो राज्यका गभर्नर टारसिसियो डे फ्रिटासले घटनास्थलमा पत्रकारहरूसँग भने–"पीडितको शव पहिचान प्रक्रिया शुरू भइसकेको छ र यो रातभरि जारी रहने छ।"

ब्रजीलका राष्ट्रपति लुला दा सिल्भाले यस घटनाप्रति दुःख व्यक्त गर्दै राज्यमा तीन दिन शोक मनाउने घोषणा गरेका छन्।

भोपासले पीडितका परिवारलाई पूर्ण सहयोग गरिरहेको र दुर्घटनाको कारण पत्ता लगाउन अधिकारीहरूसँग सहकार्य गरिरहेको बताएको छ।

ब्रजीलको सेनिपा उड्डयन दुर्घटना एजेन्सीले यस घटनाको अनुसन्धान शुरू गरेको छ। रासस

# विद्यालयमा इजरायली हमला, सयभन्दा बढीको मृत्यु

गाजा, प्यालेस्टाइन, २६ साउन/ एएफपी

गाजाको नागरिक सुरक्षा विभागले शनिवार गाजा शहरको एउटा विद्यालयमा इजरायली हमलामा ज्यान गुमाउनेको सङ्ख्या ९० देखि १०० सम्म पुगेको अनुमान गरेको छ।

"मृतकको सङ्ख्या हालसम्म ९० देखि एक सयबीच पुगेको अनुमान छ, दर्जनौं घाइते भएका छन्। विस्थापित प्यालेस्टिनी बस्ने विद्यालयमा तीनवटा इजरायली रकेट प्रहार गरिएको थियो"–विभागका प्रवक्ता महमुद बासलले भने।

गाजाको सरकारी सञ्चार कार्यालयले आक्रमणमा एक सयभन्दा बढीको मृत्यु भएको बताएको छ।

इजरायली सेनाले अल–ताबिन विद्यालयमा रहेको हमासको 'कमान्ड एन्ड कन्ट्रोल सेन्टर' मा आक्रमण गरेको बताएको छ।

इस्लामिक जिहाद प्यालेस्टिनी सैन्य समूहले बिहानको प्रार्थनाको समयमा विद्यालयमा आक्रमण भएको बताएको छ।

गाजा सरकारी सञ्चार कार्यालयका महानिर्देशक इस्माइल अल–थावाब्ताले बताए अनुसार आक्रमणमा १०० भन्दा बढीको मत्यु र दर्जनौं घाइते भएका छन्, जसमध्ये अधिकांशको अवस्था गम्भीर छ।

गाजा सरकारी सञ्चार स्रोतहरूले उक्त विद्यालयमा करीब २५० महिला र बालबालिका रहेका र तीमध्ये आधा महिला र बालबालिकाको आक्रमणमा मृत्यु भएको बताएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – नारीसुख | वृष – शत्रुपराजय |
| मिथुन – ज्ञानोदय | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – सुयश | वृश्चिक – बेचैनी |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – प्रगति | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**धानमा मल छर्दै किसानः** सर्लाहीको ब्रह्मपुरी गाउँपालिका–३ भेल्हीका किसान धान खेतमा मल छर्दै। विगतका वर्षमा भन्दा यसपटक किसानलाई केही सहजरूपमा मल उपलब्ध भइरहेको छ। तस्बिरः विश्वनाथ ठाकुर/रासस

# मल कारखाना स्थापनामा चीनले सघाउन

काठमाडौं, २६ साउन/रासस

मल कारखाना स्थापनामा चीन सरकारले सघाउने भएको छ। आगामी वर्षभित्र कारखाना स्थापनासम्बन्धी सम्पूर्ण काम पूरा गर्न चीन सरकार तयार रहेको नेपालका लागि चीनका राजदूत छन् सङले बताएका छन्।

चिनियाँ राजदूतले लगानी बोर्डले कारखाना स्थापनासम्बन्धी प्रस्ताव स्वीकृत गर्नेबित्तिकै काम थालिने बताए। "नेपालमा प्रचुर मात्रामा उपलब्ध बिजुली र पानीको भरपूर उपयोग गरेर मल कारखाना सञ्चालन गर्ने हाम्रो लक्ष्य छ। नेपालसँग सम्बन्ध र यसको उन्नयन हाम्रो प्राथमिकता हो"–चीन सरकारले सधैं नेपालको सामाजिक–आर्थिक विकासमा सहयोग गर्न चाहेको उनले भने।

नेपाल–चीन अन्तर्देशीय प्रसारण लाइन निर्माणको सम्भाव्यता अध्ययन गर्न चिनियाँ प्राविधिक टोली हाल नेपालमा रहेको जानकारी दिँदै उनले पेट्रोलियम पदार्थको आयात घटाएर नेपालको वैदेशिक मुद्रा सञ्चितिमा योगदान गर्ने चिनियाँ चाहना राजदूत छन्ले व्यक्त गरे। जलविद्युत्को विकासबाट नै 'समृद्ध नेपाल, सुखी नेपाली' राष्ट्रिय आकाङ्क्षा पूरा गर्न अन्तर्देशीय विद्युत् व्यापार फलदायी हुने उनले बताए।

अल्पविकसित राष्ट्रहरूको सूचीबाट स्तरोन्नति हुने नेपालको राष्ट्रिय लक्ष्यलाई सघाउन चीनले नेपाललाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै चिनियाँ राजदूतले हालै सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको तेस्रो बैठकले नेपालसहित विश्वका अन्य मुलुकलाई रोजगारका निम्ति आफ्नो श्रमबजार खुला गरेको जानकारी दिए। चीनमा उच्च शिक्षा हासिल गर्ने नेपाली विद्यार्थीलाई त्यहीं अन्तर प्रशिक्षणको व्यवस्थाका साथ रोजगारका अवसर पनि उपलब्ध हुने उनले बताए। सिपिसीको तेस्रो बैठकपछि चीनमा लगानीका अवसरहरू पहिल्याउन उच्चस्तरीय अमेरिकी प्रतिनिधिमण्डल चीन भ्रमणमा रहेको उनले बताए।

राष्ट्रपति सी जिनपिङको अध्यक्षतामा सम्पन्न बैठकले तीन सयभन्दा बढी कानूनी सुधारका घोषणा गरेको जानकारी दिंदै राजदूत छन्ले चीनले नेपालको विकासका निम्ति द्विपक्षीय सहायता बढाउने बताए। "हामी नेपालको आर्थिक वृद्धिमा योगदान गर्न चाहन्छौं, पर्यटन प्रवर्द्धन तथा जलविद्युत्को उत्पादनबाट त्यो सम्भव छ"–नेपालमा उत्पादित बिजुली चिनियाँ बजारमा खपत गर्न सकिने उल्लेख गर्दै उनले भने।

चीनले घोषणा गरेका सुधारबाट चीन र नेपालबीच साझेदारी अझ घनीभूत हुने तथा चीनले हासिल गरेको विकासको प्रतिफल नेपालले पनि उपभोग गर्न पाउने विचार राजदूत छन्ले व्यक्त गरे।

देशको चौतर्फी विकासलाई नेपालका राजनीतिक दलका नेता तथा कर्मचारीले केन्द्रमा राखेर काम गर्न जरुरी भएको आफ्नो विश्लेषण सुनाउँदै अबको पाँच वर्षमा नेपालले विकासको गति लिने कुरामा ढुक्क रहेको बताए। परिश्रमी नेपाली जनताको विकासप्रतिको चाहना पूरा गर्न नेपालको नेतृत्व सफल हुने उनले बताए।

चिनियाँ पर्यटकको प्रमुख गन्तव्य नेपालमा पर्यटनका पूर्वाधार अपर्याप्त भएकाले बढीभन्दा बढी पर्यटकीय संरचना निर्माणमा चिनियाँ राजदूतले जोड दिए। उनले प्रविधि हस्तान्तरणका साथै अन्य प्रविधि सहायता विस्तार गर्न चीन तयार रहेको बताए।

एक फरक प्रसङ्गमा उनले विकासका पूर्वाधार तयार गर्ने उद्देश्यले राष्ट्रपति सीले अघि सारेको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' मा आबद्ध सबै राष्ट्रको हित हुने र त्यसप्रति विमति जनाउनुपर्ने कारण नरहेको बताउँदै केही प्राविधिक काम पूरा नहुँदा नेपालसँग बिआरआई कार्यान्वयनसम्बन्धी दस्तावेजमा हस्ताक्षर हुन नसकेको स्पष्ट पारे। उनले केही समयभित्रै नेपाल–चीनबीच बिआरआई साझेदारीसम्बन्धी सम्झौतामा हस्ताक्षर हुने बताए। बिआरआई सहकार्य, सहयोग तथा 'कनेक्टिभिटी'का लागि महत्त्वपूर्ण मञ्चका रूपमा स्थापित भएको तथा त्यसले अर्थतन्त्रहरूलाई एकीकृत गर्न, बजारहरूलाई जोड्न तथा पूर्वाधारहरूमा लगानी प्रोत्साहन गर्ने एवं विश्वव्यापी रूपमा स्रोत साधनको अभाव रहेको परिप्रेक्ष्यमा दिगो विकासका लक्ष्यहरू कार्यान्वयन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उनले बताए। 'ट्रान्स हिमालयन मल्टि–डाइमेन्शनल कनेक्टिभिटी नेटवर्क' अन्तर्गत सीमा वारपार रेल, सडकहरू, बन्दरगाहहरू, हवाई यातायात, सूचना प्रविधिलगायत बिआरआईले समेटेका क्षेत्र नेपालमात्र होइन सबैका निम्ति लाभदायक रहेको उनको कथन छ।

"हामीले चीन–नेपाल सम्बन्ध विकासलाई महत्त्व दिएका छौं, हामी दुई देशका जनताको हितका लागि अनन्तकालसम्म रहिरहने मैत्री सम्बन्धसहितको चीन–नेपाल विस्तृत सहयोगात्मक साझेदारीलाई अझ सुदृढ बनाउन तत्पर छौं"–चिनियाँ राजदूतले भने।

# क्यान्सर अस्पतालमा अत्याधुनिक लेजर मेशीनद्वारा युरोलोजी सर्जरी

चितवन, २६ साउन/रासस

विपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा अत्याधुनिक लेजर मेशीनद्वारा युरोलोजी सर्जरी सेवा शुरू गरिएको छ। यो अत्याधुनिक थुलियम फाइबर लेजर (टिएफएल) मेशीन हो।



अस्पतालका उपनिर्देशक एवं युरोलोजिस्ट डा उमेश नेपालले इन्डोयुरोलोजी सेवाको पछिल्लो प्रविधि (लेटेस्ट टेक्नोलोजी) भएकोले सेवाको समयसापेक्ष स्तरोन्नति हुने बताए। यस अघि युरोलोजीमा प्रयोग हुने लेजर होल्मियम लेजरको पल्स एमल्सन हुने हुनाले टिस्यु च्यातिने सम्भावना हुने जनाउँदै उनले टिएफएल निरन्तर बीममा निस्किने र टिस्यु च्यातिने समस्या नहुने जानकारी दिए। उनले भने–"यो प्रविधिबाट शल्यक्रिया गर्दा रक्तस्राव अति नै न्यून हुन्छ। टिस्यु पेनिट्रेशन सबैभन्दा कम हुने हुँदा जोखिम दर अति न्यून हुन्छ।"

अस्पतालमा हरेक वर्ष ४५० हाराहारी पिसाब थैलीका क्यान्सर र एक सय हाराहारी प्रोस्टेट क्यान्सरको शल्यक्रिया हुने जानकारी दिँदै डा नेपालले यस्ता बिरामीका लागि यो प्रविधि निकै लाभदायी हुने बताए। उनले भने–"एन ब्लक रिसेक्सन गर्न मिल्ने भएकोले पुनःशल्यक्रिया गर्नुपर्ने सम्भावना पनि न्यून हुन्छ।" मेशीन जडान गरेसँगै शुक्रवार पहिलो दिन तीनवटा शल्यक्रिया गरिएको छ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले आधुनिक उपकरणहरू भित्र्याएर सेवा चुस्तदुरुस्त एवं बिरामीलाई सहज बनाउने काममा लागिपरेको बताए। अस्पतालमा देशभर र भारतीय सीमा क्षेत्रबाट बिरामी उपचारका लागि आउने उनले बताए।




**घारे माहुरीको घार:** समूहगतरूपमा बस्न रुचाउने र मेहनतका साथ मह बनाउन तल्लीन रहने घारे माहुरी डिभिजन वन कार्यालय, सिमराको परिसरमा रहेको मोटो अग्लो सिमलको रूखमा बसेर सुरक्षितरूपमा मह बनाउँदै । वनजङ्गल र खेतबारीमा रहेका रसदार फूलहरू चुसेर घारमा सङ्कलन गरी माहुरीले प्राकृतिकरूपमा मह उत्पादन गर्ने गर्छ। तर गाउँघर, शहर बजारमा भने नक्कली वा मिसावट महको बिगबिगी छ। तस्वीर: जीतलाला श्रेष्ठ/रासस

# दुईवटा डेरी उद्योगविरुद्ध गुण नियन्त्रण कार्यालयद्वारा अदालतमा मुद्दा

प्रस, जनकपुरधाम, २६ साउन/

खाद्य प्रविधि तथा गुण नियन्त्रण प्रदेश कार्यालय, जनकपुरले दुईवटा डेली उद्योगविरुद्ध अदालतमा मुद्दा दायर गरेको छ। अनुगमनको क्रममा दुग्धजन्य पदार्थ उत्पादनमा मापदण्ड पूरा नगरेको फेला परेका दुई डेरी उद्योगमाथि कारबाहीस्वरूप मुद्दा दायर गरिएको हो।

जनकपुर उपमहानगरपालिका वडा नं १४ स्थित जानकी डेरी उद्योग र क्षीरेश्वरनाथ नगरपालिका वडा नं ५ स्थित विशाल डेरी उद्योगविरुद्ध खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले जिल्ला अदालत जनकपुरमा मुद्दा दायर गरेको छ।

कार्यालयले छड्के अनुगमन गर्दा उक्त दुवै उद्योगबाट उत्पादित दुग्धजन्य सामग्री मापदण्ड अनुसारको गुणस्तर फेला नपरेको कार्यालयका सूचना अधिकारी



प्रवीण तिवारीले बताए । माँ जानकी डेरी उद्योगबाट उत्पादित खुवा, घ्यू तथा प्रशोधित दूधको नमूना सङ्कलन गरी परीक्षण गर्दा मापदण्ड अनुसार नभएको पाइएको र विशाल डेरी उद्योगद्वारा उत्पादित पूजा सामग्री अन्तर्गतको घ्यूमा कैफियत फेला परेको सूचना अधिकारी तिवारीले जानकारी दिए ।

सो कार्यालयले बितेको आर्थिक वर्षमा जिल्लास्थित विभिन्न ४६ वटा औद्योगिक तथा व्यावसायिक फर्मलाई कारबाई गरेको थियो । उत्पादित सामग्री गुणस्तरहीन, मिसावटयुक्त, तौल कम, म्याद गुज्रेको वा सरसफाइसम्बन्धी कमीकमजोरी फेला परेमा त्यस्ता उद्योगविरुद्ध कारबाई चलाउँदै आएको छ।

दुग्धजन्य पदार्थको नमूना सङ्कलन गरी प्रयोगशालामा परीक्षण गर्दा जानकी डेरी उद्योग र विशाल डेरी उद्योग मापदण्डविपरीत सञ्चालन भएको पाइएको कार्यालयका सूचना अधिकारी तिवारीले जानकारी दिए ।


बितेको आवमा मधेसका आठ जिल्लाबाट तीन हजार ५८७ खाद्य पदार्थको नमूना जाँच गर्दा ७४ वटा नमूना मापदण्डविपरीत पाइएको थियो। सोमध्ये ३१ वटा उद्योगविरुद्ध मुद्दा दायर गरिएको थियो । विभिन्न १६ उद्योग छानबीनको उत्तरार्द्धमा रहेको र सो अन्तर्गत बयान लिने कार्य सकिएको छ। बाँकी २७ वटा उद्योगको बयान लिन बाँकी रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले जनाएको छ ।

बयान लिइसकेका उद्योगहरूमध्ये पछिल्लोपटक दुईवटा डेरी उद्योगविरुद्ध कार्यालयले अदालतमा मुद्दा दायर गरेको हो।


## विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनर्स्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





# खेलकूदको संसार

## पर्सागढी नपा-७ मा मुखिया कप शुरू, उद्घाटन खेलमा बहुदरमाई विजयी

प्रस, बिरुवागुठी, २६ साउन/

पर्सागढी नगरपालिका-७ रघुनाथपुरमा शनिवारदेखि प्रथम मुखिया कप क्रिकेट प्रतियोगिता शुरू भएको छ। रघुनाथपुर युवा समाजद्वारा आजदेखि रघुनाथपुर खेल मैदानमा आयोजना भएको प्रतियोगिताको उद्घाटन वडाध्यक्ष शङ्कर रायभरले गरेका थिए। उनले वडाको चौतर्फी विकासको लागि आफू सदैव अग्रसर रहेको बताए। उनले आफ्नो प्रयासमा रघुनाथपुरको ऐलानी खेलमैदानलाई फिर्ता ल्याइ प्रतियोगिता आयोजना गरिरहेको बताए । वडाका युवाहरूका हरेक गतिविधि तथा विकासमा आफू सदैव हातेमालो गर्दै अघि बढ्दै जाने बताए ।

कार्यक्रममा पर्सागढी नपा-९ का अध्यक्ष रामबढाईप्रसाद यादवले नगरप्रमुख गोकर्ण पाठकको रवैयाको कारण अहिले पर्सागढीमा खेलकूदलगायत विकासका गतिविधि सुस्त भएको दोषारोपण गरे । वडाध्यक्ष शेख खुर्शेद आलमले वडास्तरमा मुखिया कप आयोजनाले स्थानीय खेलकूदमार्फत नयाँ खेलाडीलाई अवसर प्रदान गरेकोमा वडाध्यक्ष एवं क्लबको प्रशंसा गरे ।

रघुनाथपुर युवा समाजका अध्यक्ष शहजाद अन्सारीको अध्यक्षता एवं पत्रकार बलिराम शुक्लाको सहजीकरणमा सम्पन्न भएको उद्घाटन कार्यक्रममा स्थानीय समाजसेवी जयराम दास, वीरबहादुर यादव, धनसुनर सहनी, अमिका पटेललगायतको सहभागिता थियो ।

प्रतियोगिताको उद्घाटन खेलमा बहुदरमाई नगरपालिकाले वीरगंज-१९ विन्ध्यवासिनीलाई पराजित गऱ्यो। प्रतियोगितामा विन्ध्यवासिनीले निर्धारित १५ ओभरको खेलमा पाँच विकेट गुमाएर ७९ रन बनाएको थियो। प्रतिउत्तरमा बहुदरमाईले १३.३ ओभरमा पाँच विकेटको क्षतिमा लक्ष्य पूरा गरी जीत हासिल गरेको थियो। प्रतियोगितामा पर्सा र बाराका १२ वटा टीम सहभागी छन् । आइतवारको खेल आयोजक पर्सागढी-७ रघुनाथपुर र वीरगंजको रानीघाटबीच हुनेछ । प्रतियोगिताको विजेताले नगद रु ६० हजार र उपविजेताले रु ३० हजार नगद, शिल्ड तथा मेडल पाउनेछन् ।

## अफगानिस्तानकी खेलाडी तलाश पेरिस ओलम्पिकमा अयोग्य घोषित

पेरिस, २६ साउन/एएफपी

शरणार्थी ओलम्पिक टोलीका सदस्य अफगानिस्तानकी 'ब्रेकडान्सर' मनीजा तलाशलाई "अफगानी महिलालाई स्वतन्त्र गर" लेखिएको पहिरन प्रदर्शन गरेकाले पेरिस ओलम्पिकमा अयोग्य घोषित गरिएको विश्व डान्सस्पोर्ट्स महासङ्घले शनिवार जनाएको छ।




२१ वर्षीया बी-गर्ल तलाश नेदरल्यान्ड्सको इन्डिया सार्डजोविरुद्धको पहिलो प्रतिस्पर्धाको ठीक अघि शुक्रवार नारासहितको नीलो पहिरन पहिरिएर प्रस्तुत भएकी थिइन् ।

"शरणार्थी टोलीका सदस्य एथलीट बी-गर्ल तलाशले ओलम्पिक अधिकारपत्रको नियम ५० को उल्लङ्घन गर्दै आफ्नो पोशाकमा राजनीतिक नारा प्रदर्शन गरेकोमा अयोग्य घोषित गरिएको हो," डान्सस्पोर्ट्स महासङ्घले विज्ञप्तिमा जनाएको छ ।

नियम ५० ले कुनै पनि ओलम्पिकस्थल वा अन्य क्षेत्रमा कुनै पनि प्रकारको प्रदर्शन वा राजनीतिक, धार्मिक वा जातीय प्रचारमा प्रतिबन्ध लगाएको छ ।

सन् २०२१ देखि तालिबानको नियन्त्रणमा रहेको काबुलमा जन्मेकी तलाश देशबाट भागेर आफ्ना दुई दाजुभाइसँग स्पेनमा बस्दै आएकी छन् ।

"मैले तालिबानसँग डराएर वा अफगानिस्तानमा बस्न नसकेर देश छाडेको होइन। मैले अफगानिस्तानका महिलाहरूका लागि, आफ्नो भविष्यको लागि देश छाडेको हो," उनले प्रतियोगिता अघि भनेकी थिइन्।

"मैले आफ्नो लक्ष्य पूरा गर्ने जोखिम लिएँ। मेरो हृदयमा डर छ तर म हार मान्दिनँ," उनले सन् २०२१ मा एएफपीलाई भनेकी थिइन् ।

पेरिस ओलम्पिकमा साइक्लिङ, एथलेटिक्स, पौडी खेल्ने र जुडो स्पर्धामा तालिबान सरकारले स्वीकार नगरेका तीन महिलासहित छजना खेलाडीले अफगानिस्तानको प्रतिनिधित्व गरेका थिए। रासस

# माइतीघरमा बङ्गलादेशमा हिन्दू तथा बौद्धमाथि हिंसाविरुद्ध विरोध प्रदर्शन

प्रस, वीरगंज, २६ साउन/

बङ्गलादेशमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूमाथि भइरहेको हिंसाविरुद्ध राष्ट्रिय एकता अभियानले शनिवार काठमाडौंमा प्रदर्शन गरेको छ। विरोध कार्यक्रम अन्तर्गत काठमाडौंको माइतीघर मण्डलामा विरोध प्रदर्शन गरिएको हो।

अभियानका अध्यक्ष विनय यादवले सम्पन्न कार्यक्रमबारे वीरगंजका सञ्चार कर्मीलाई जानकारी गराएका हुन् । अध्यक्ष यादवका अनुसार प्रदर्शनमा विभिन्न धार्मिक तथा सामाजिक सङ्घसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।




प्रदर्शनपछि आयोजित विरोधसभामा अभियानका अगुवा बिपी यादव, विश्व हिन्दू महासङ्घका महासचिव रामचन्द्र तिवारी, धार्मिक नेता केशव चौलागाईं, मानव धर्म सेवा समितिका इन्चार्ज सागर कटुवाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

वक्ताहरूले बङ्गलादेशमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूमाथि भइरहेको हिंसालाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुपर्ने मत जाहेर गरेका छन्। उनीहरूले धार्मिक असहिष्णुताको घटना मानवीयताका लागि घातक हुने भन्दै सरकार मौन रहनु उचित नहुने बताए ।

हिंसाको कडा निन्दा गर्दै वक्ताहरूले धार्मिक हिंसाविरुद्धको एकता र सङ्कल्पलाई प्रगाढ बनाउनुपर्नेमा जोड दिए।

# पत्रकार साहले आश्रितहरूलाई खुवाए खाना

प्रस, परवानीपुर, २६ साउन/

वीरगंजका पत्रकार जियालाल साहले मानव सेवा आश्रम वीरगंजका आश्रितहरूलाई



खाना खुवाएका छन्। बुवाको सम्झना र केही दिन अघि बितेको जन्मदिनको अवसर पारी मानव सेवा आश्रम वीरगंजका करीब ६५ जना आश्रितहरूलाई एक छाक खाना खुवाएर सहयोग गरेका छन्। तर दाताहरूले स्वेच्छाले दान गरेको रकमबाट खाना खुवाउने चलन रहेको मानव सेवा आश्रम वीरगंजका प्रमुख दिवेश मानवसेवाले बताए।

पछिल्लो समय दीनदु:खीलाई सहयोग र दानपुण्य गरी जन्मदिन र वैवाहिक वर्षगाँठ मनाउने चलन बढेको छ। तर फजुल खर्च गरी जन्मदिन मनाउनुभन्दा गरीब असहायलाई सहयोग गरी उत्सव मनाउनु उपयुक्त बुझेर मानव सेवालाई सहयोग गरेको पत्रकार जियालाल साहले बताए ।

# झुला महामहोत्सवको रौनक शुरू

प्रस, जनकपुरधाम, २६ साउन/



जनकपुरधाममा झुला महामहोत्सवको रौनक शुरू भएको छ। मिथिलाञ्चलको लोकप्रिय चर्चित संस्कृति तथा पर्वमध्ये झुला महामहोत्सव तथा झुलन उत्सव पनि एक हो ।

यतिबेला जनकपुर क्षेत्रका मठमन्दिरहरू सङ्गीतमय बनेका छन् । झुलन उत्सवमा सहभागी हुन नेपालका विभिन्न स्थान र सीमावर्ती भारतीय क्षेत्रबाट समेत हजारौं भक्तजन जनकपुर आइपुगेका छन्।

जनकपुर र आसपासका मठमन्दिरहरूमा झुलाका लागि सिंहासन निर्माण गरी सजाइएका छन्। सो गद्दीमा रामसीताको मूर्ति राखी झुलाउने परम्परा छ। झुला उत्सव मिथिला क्षेत्रमा साउन तृतीयादेखि पूर्णिमासम्म मनाइन्छ।